# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८२/०८३




# डिभिजन वन कार्यालय

## गुल्मी




जाउँ हिड रेसुङ्गा
Let's Visit Resunga
रेसुङ्गा बहुमुखी क्याम्पस
गुल्मी
सरसफाई क्षेत्र
"हरियो सोच, मिठो भविष्य"


SAVE THE VULTURE








पानापाना शिक्षकले पढ्नु पर्छ।
-रुसो
संस्कार सहितको गुणस्तरीय शिक्षा, भगवतीको इच्छा।
प्रातः कालीन सरस्वती प्रार्थना
ENGLISH PRAYER
O God! you are the omniscient
You know better what we need
Bless us with wisdom, make us patient
Give us ways to mend our deed
Bless us with tranquility, bless us with talent








समन्वय बैठक










जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको
प्रशोधन तथा बजारीकरण सम्बन्धी तालिम
स्थान: तम्घास, गुल्मी
आयोजक:
गुल्मी


निजी/कृषि वन सम्बन्धी
क्षमता अभिवृद्धि तालिम तथा अन्तरक्रिया कार्यक्रम
स्थान: तम्घास, गुल्मी
आयोजक:
डिभिजन वन कार्यालय
गुल्मी



# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८२/८३

# डिभिजन वन कार्यालय

## गुल्मी

Phone : 079-520179

Email: dfogulmi@gmail.com    Website: dfogulmi.lumbini.gov.np

शीर्षक : **वार्षिक प्रगति प्रतिवेदन, आ.व. २०८२/८३**

प्रकाशक : डिभिजन वन कार्यालय, गुल्मी

फोन नं. : ०७९-५२०१७९

E-mail : dfogulmi@gmail.com / info.dfogulmi@lumbini.gov.np

Website : dfogulmi.lumbini.gov.np

सल्लाहकारः

सिनियर डिभिजनल वन अधिकृतः प्रेम शंकर चौधरी

सम्पादकः

वरिष्ठ वन अधिकृत मदन सापकोटा

मुद्रणः प्रकाश अफसेट प्रेस

बुटवल, रुपन्देही

फोन नं. ०७१-५३८५७९

# दुई शब्द



भू—वनोटका हिसाबले महाभारत श्रृङ्खलामा फैलिएको गुल्मी जिल्ला समुद्री सतहदेखि ४६५ मीटर (रिडी) देखि २६९० मीटर (मदाने) सम्मको उचाईमा अर्बेनी देखि अग्लुङ्ग, दौंघा देखि दर्लिङ्गसम्मको १०७९१८.२० हेक्टर क्षेत्रमा फैलिएर रहेको छ ।

जिल्लाको कूल भू—भाग मध्ये ४१.८५ प्रतिशत क्षेत्र वन जङ्गलले ढाकेको छ । जैविक विविधताको दृष्टिकोणले अत्यन्तै सम्भावना रहेको यस जिल्लाको वन संरक्षण र विकासका लागि डिभिजन वन कार्यालय गुल्मीबाट वन वन्यजन्तु जैविक विविधता संरक्षण तथा ब्यवस्थापन, जडिवुटी तथा गैह्रकाष्ठ वनपैदावार विकास, कृषि वन तथा बृहत्तर हरियाली, वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन लगायतका कार्यक्रमहरु नियमित रुपमा संचालन हुँदै आइरहेको छन् । यि कार्यक्रमहरु प्रदेश सरकार तथा शसर्त अनुदान स्वरुपका संघिय सरकारका तर्फवाट समेत संचालन भैरहेका छन् ।सम्वन्धित सवै सरोकारवालहरुलाई जानकारी गराउने उद्धेश्यले सम्पादित कार्यक्रमहरुको संगालोको रुपमा यो पुस्तिका तयार पारिएको छ ।

यस पुस्तिकाको प्रकाशनले डिभिजन वन कार्यालय गुल्मीद्धारा सञ्चलित एवम् सम्पादित कार्यक्रमहरुको समष्टीगत संक्षिप्त विवरण आम जनस्तरमा, सरोकारवाला संघसंस्था तथा निकायहरुमा सार्वजनिक हुन गई वन कार्यालयको कार्य सम्पादन स्तर, आर्थिक अनुशासन, पारदर्शिता एवम् वन व्यवस्थापनमा देखिएका परिवर्तन तथा चुनौतिका सम्वन्धमा सम्पुर्ण नागरिकहरु सुसूचित भई भविश्यमा अझ प्रभावकारी रुपमा वन क्षेत्रको विकास गर्न सम्वन्धित सबैबाट सकारात्मक तथा रचनात्मक सुझावहरु प्राप्त हुने अपेक्षा गरिएको छ ।

यस पुस्तिकामा पेश गरिएका विषयवस्तु तथा तथ्य तथ्यांकहरुलाई तथ्यपरक तथा विश्वासनीय बनाउन यथा सम्भाव प्रयास गरिएको छ । यद्यपी केही त्रुटी तथा कमी कमजोरीहरु रहेका हुन सक्दछन । यस प्रति यहाँहरुका अमूल्य सुझाव तथा प्रतिकृयालाई मार्गदर्शनको रुपमा लिई आगामी दिनमा थप परिस्कृत गर्दै लगिने छ ।

अन्तमा, यो पुस्तिका प्रकाशनका लागि तथ्याङ्क तथा जानकारीहरु उपलव्ध गराउने तथा वार्षिक कार्यक्रम सञ्चालनमा सहयोग गर्नुहुने सम्पुर्ण कर्मचारी तथा अन्य महानुभावहरु र यस पुस्तिका तयारीका लागि प्रकाशन योग्य वनाउने कार्यमा अनवरत खट्नुहुने वरिष्ठ वन अधिकृत मदन सापकोटा तथा सहयोगी अन्य सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**प्रेम शंकर चौधरी**
**सिनियर डिभिजनल वन अधिकृत**

# गुल्मी जिल्लाको वनको संक्षिप्त विवरण

| सि.नं. | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्लाको कूल क्षेत्रफल | हेक्टर | ११०६०३.० | |
| २ | कूल वन क्षेत्र | हेक्टर | ४६२९२.० | ४१.८५% |
| ४ | २०८२ आषाढसम्म हस्तान्तरण भएका सा.व. | गोटा | ४५६ | |
| ६ | सामुदायिक वनले ओगटेको वन क्षेत्र | हेक्टर | १८३२३.८८ | ४५.९६% |
| ७ | समूहमा आवद्ध घरधुरी संख्या | घरधुरी | ६१३५१ | दोहोरिएको |
| ८ | सामुदायिक वनबाट लाभान्वित जनसंख्या | जना | ३८३१०३ | |
| ९ | धार्मिक वन | गोटा | २ | |
| १३ | सबैभन्दा पुरानो सामुदायिक वन | किरवास सामुदायिक वन जुभुङ्ग, ४ र ९ | | |
| १४ | सबैभन्दा ठूलो सामुदायिक वन | जागृत सामुदायिक वन, पराल्मी ६, ७, ८ र ९, ३९९.९१ हेक्टर | | |
| १५ | सबैभन्दा धेरै घरधुरी भएको सा.व.उ.समूह | रेसुङ्गा सामुदायिक वन, ६९२ घरधुरी | | |
| १६ | सबैभन्दा सानो सामुदायिक वन | पिपलवोट महिला सामुदायिक वन, रिमुवा ६, ०.७० हेक्टर | | |
| १७ | सबैभन्दा थोरै घरधुरी भएको सा.व.उ. समूह | वेतपानी सामुदायिक वन उपभोक्ता समूह, वडागाउँ ६, १८ घरधुरी | | |
| १९ | महिलाहरुले मात्र व्यवस्थापन गरेका सामुदायिक वन | ३१ गोटा (३११९ घरधुरी, ३५८.६८ हे.) | | |
| २० | जिल्लाको सबैभन्दा होंचो भूभाग | रिडी (४६५ मीटर) | | |
| २१ | जिल्लाको सबैभन्दा अग्लो भूभाग | मदानेको लेक (२६९० मीटर) | | |
| २२ | वन संरक्षण क्षेत्र | ३ गोटा (मदाने, रेसुंगा र थाप्ले सत्यवती) | | |
| २३ | कार्यालयमा दर्ता भएका कबुलियती वन | ११ गोटा | | |
| २४ | कार्यालयमा दर्ता भएका निजी वन | १४ गोटा (८.० हेक्टर) | | |

# विषय सूची


**भाग १- जिल्लाको परिचय** **१**

१ भौतिक वातावरणीय अवस्था १

१.१ भौगोलिक अवस्थिति १

१.२ जियोलोजी, खनिज, चट्टान र माटो २

१.४ जलवायु तथा वर्षा (Climate and Precipitation) ३

१.५ जल सम्पदा (Water Resources) ३

१.६ भू उपयोग (Land use) ४

१.७ सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण ५

१.८ पुरातात्विक र पर्यटकिय महत्वपुर्ण क्षेत्र (धार्मिक, साँस्कृतिक र पर्यापर्यटकीय स्थलहरुको परिचय) ८

**भाग २ जिल्लाको जैविक विविधता सम्बन्धी परिचय** **१२**

२.१ वनको किसिम १२

२.२ स्वामित्व र व्यवस्थापकीय जिम्मेवारीको आधारमा वनको वर्गिकरण १९

२.३ वनयजन्तुहरुको विवरण २०

**भाग ३ कार्यालयको परिचय** **२२**

३.१ दरबन्दी र पदपुर्तिको अवस्था २३

३.२ डिभिजन वन कार्यालयको कार्य विवरण २५

**भाग-४ डिभिजन वन कार्यालयबाट आ.व.२०८२/०८३ मा संचालित कार्यक्रमहरु** **२६**

४.१ प्रदेश सरकार अन्तर्गतका कार्यक्रमहरु २६

४.२ संघिय सरकार अन्तर्गतका कार्यक्रमहरु २९

**भाग ५ कार्यालयबाट सञ्चालित वार्षिक कार्यक्रमहरुको प्रगति विवरण** **३२**

५.१ कार्यक्रम/कृयाकलाप अनुसारको प्रगति विवरण ३३

५.२ वन पैदावार तथा विरुवा उत्पादन र राजश्व संकलन सम्बन्धी विवरण ३८

अनुसुची १ मानव वन्यजन्तु द्धन्द्ध सम्बन्धी सामान्य झलक ४३

अनुसुची २ आ.व. २०८२/०८३ मा नविकरण गरिएका सामुदायिक वनहरुको विवरण ४३

अनुसुची ३ वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोगको लागि भोगाधिकारको विवरण ४४

अनुसुची ४ डिभिजन वन कार्यालय गुल्मीको मातहतमा रहेको जग्गाको विवरण ४५

# भाग १- जिल्लाको परिचय

गुल्मी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालका सात प्रदेश मध्ये लुम्बिनी प्रदेशको पाहडी जिल्ला हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जिल्लाको स्थानिय तहअनुसार प्रकाशन गरेको तथ्याङ्क अनुसार जिल्लाको कुल क्षेत्रफल ११४९ वर्ग कि.मी रहेको देखिन्छ । त्यस्तै वन सर्वेक्षण तथा अनुसन्धान विभागले सन २०१५ मा प्रकाशन गरेको तथ्याङ्कमा भने जिल्लाको कुल क्षेत्रफल ११०५.०६ वर्ग किलोमिटर अर्थात ११०५६ हेक्टर रहेको देखिन्छ । धरातलीय स्वरुप पहाडी तथा होचोअग्लो खोच र खोल्सीहरु रहेकाले जलवायुमा व्यापकता हुनुका साथै जैविक विविधतामा भिन्नता रहेको छ । यिनै कारणले गर्दा जैविक विविधता क्षेत्रमा यो जिल्ला अत्यन्त धनी छ । सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक विकासका दृष्टिकोणबाट मध्यम रहेको छ । जिल्लामा १२ वटा स्थानीय तहहरु रहेका छन्।जिल्लाको सदरमुकाम रेसुङ्गा नगरपालिकामा पर्दछ। समग्रमा गुल्मी जिल्ला समुद्र सतहबाट करिब ५०० मिटर देखी २६९० मिटर सम्ममा फैलिएर रहेको छ।प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौतिक वातावरण यस प्रकार रहेको छ।

## १ भौतिक वातावरणीय अवस्था

### १.१ भौगोलिक अवस्थिति

#### क. सिमाना

**तालिका १ जिल्लाको सिमाना**

| | | | |
|---|---|---|---|
| **पुर्व** | स्याङ्जा र पर्वत | **पश्चिम** | प्युठान |
| **उत्तर** | बागलुङ | **दक्षिण** | पाल्पा तथा अर्घाखाँची |

#### ख. जिल्लाको बिशेषता

- संस्कृत भाषामा सैनिक वा पल्टन भएको ठाउंलाई गुल्म भनिने र सामरिक महत्व बोकेको हालको गुल्मी क्षेत्रमा पनि लिच्छविकाल र मध्यकालमा सैनिक छाउनी रहेकोले यसलाई गुल्मी भनी नामाकरण गरिएको हो भन्ने भनाइ रहेको छ ।
- भौगोलिक अबस्थिती अनुसार यस जिल्ला लगभग २७°३६' देखि २८°१२' उत्तरी अक्षांश र ८३°०४' देखि ८३°४९' सम्म पूर्वी देशान्तरमा फैलिएको छ । जिल्लाका सवै गाँउपालिका र नगरपालीका तथा वडाहरुमा सडक संजालले जोडिएको छ ।
- जिल्लामा विशेषगरी ब्राह्मण, क्षेत्री र मगर जातिको वाहुल्यता रहेको छ ।
- समुन्द्र सतह देखि करिब ४६० मि. (रिडी) देखि २६९० मी (मदाने लेक) उचाइमा फैलिएकोछ ।
- विभिन्न जातजाती र धर्मावलम्वीहरुको बसोवास रहेता पनि आपसमा शौहार्दता रहेकोछ ।

## १.२ जियोलोजी, खनिज, चट्टान र माटो

### १.२.१ जियोलोजी (Geology)

गुल्मी जिल्ला नेपालको मध्यपहाडी क्षेत्रमा अवस्थित भएकाले यसको भू—बनोट तथा जियोलोजी निकै विविध प्रकृतिको रहेको पाइन्छ। जिल्लाको अधिकांश भूभाग महाभारत तथा मध्यपहाडी शृङ्खलाअन्तर्गत पर्ने भएकाले यहाँ प्राचीन रूपान्तरित चट्टानहरू जस्तै स्लेट, फिल्लाइट, क्वार्टजाइट, ग्नाइस तथा शिस्ट प्रशस्त पाइन्छन्। यी चट्टानहरू लाखौं वर्षअघिको भूगर्भीय हलचल, प्लेट टेक्टोनिक्स तथा हिमालय निर्माण प्रक्रियासँग सम्बन्धित मानिन्छन्। जिल्लाका विभिन्न भागमा भिरालो भू—आकृति, खोँच, नदी प्रणाली तथा पहिरो प्रभावित क्षेत्र देखिनु पनि यही कमजोर तथा तहयुक्त चट्टानी संरचनाको प्रभाव हो। विशेषगरी कालीगण्डकी नदी प्रणाली र यसका सहायक खोलाहरूले भू—क्षय तथा निक्षेपण प्रक्रियालाई सक्रिय बनाएका छन्। गुल्मी जिल्लाको जियोलोजिकल संरचनाले यहाँको माटो, वनस्पति, कृषि प्रणाली तथा प्राकृतिक स्रोत व्यवस्थापनमा महत्वपूर्ण प्रभाव पारेको छ। यहाँ रहेका परिवर्तित चट्टानहरू Quartzite, Phylite, Schist, Gneiss, Marble र Slate हुन् भने खनिज पदार्थमा Quartz, Limestone (चुनढुङ्गा), Feldspar र Mica प्रमुख छन् ।

### १.२.२ चट्टान निर्माण

जिल्लाको अधिकांश भूभाग महाभारत तथा मध्यपहाडी शृङ्खलाअन्तर्गत पर्ने भएकाले यहाँ प्राचीन रूपान्तरित चट्टानहरू जस्तै स्लेट, फिल्लाइट, क्वार्टजाइट, ग्नाइस तथा शिस्ट प्रशस्त पाइन्छन्। यी चट्टानहरू लाखौं वर्षअघिको भूगर्भीय हलचल, प्लेट टेक्टोनिक्स तथा हिमालय निर्माण प्रक्रियासँग सम्बन्धित मानिन्छन्। जिल्लाका विभिन्न भागमा भिरालो भू—आकृति, खोँच, नदी प्रणाली तथा पहिरो प्रभावित क्षेत्र देखिनु पनि यही कमजोर तथा तहयुक्त चट्टानी संरचनाको प्रभाव हो।

### १.२.३ माटोको निर्माण तथा विशेषता र वन क्षेत्रमा पार्ने प्रभाव

#### १.२.३.१ माटो तथा चट्टानको पारिस्थिकिय सम्बन्ध

माटो, चट्टान र त्यहाँको पारीस्थीकिय सम्त्रन्धको समिश्रण वाट वोट विरुवाहरु उम्रने र तिनिहरुको योजना तथा व्यवस्थापन हुने कुरामा महत्वपूर्ण भूमिका रहन्छ । माटो तथा चट्टानहरुमा रहेको Chemical तथा Physical गुण साथै soil moisture, water holding capacity, Organic, Inorganic तत्वहरु र त्यहाँ रहेका Micro organizms हरुवाट स्थानिय पारिस्थितिकीय प्रणालीहरु सृजना भै योजना तथा व्यवस्थापन हुन्छन् । माटो र चट्टानमा रहेको सार तत्वको साथै सुख्खा वा चिस्यान, उचाइ, मोहोडा, हावापानी, तापक्रम तथा स्थानिय जलवायु आदीको समायोजनबाट पारिस्थिकिय प्रभाव परेको हुन्छ । स्थान विषेश अनुसार यस जिल्लामा वनको पारिस्थिकिय प्रणालीमा मूख्यगरी पहाडी साल, खयर सल्ला, चिलाउने कटुस, खस्रु, बाँझको वन संग सम्बन्धीत प्रणालीहरु रहेका छन् भने अन्य प्रणलीहरुमा घासे मैदान, सिमसार, कृषि संग सम्बन्धित पारिस्थितिय प्रणालीहरुको सम्बन्ध रहेको पाईन्छ ।

### १.२.३.२ माटोका कारण वनको उत्पादन तथा बृद्धिमा प्रभाव

रुख प्रजातीहरुको बृद्धि तथा सफलता त्यहा माटोमा रहेको soil moisture, water holding capacity, organic, inorganic तत्वहरु र त्यहाँ रहेका micro organisms हरुमा निर्भर रहन्छ । खोटे सल्लो कम मलिलो माटोमा पनि बाच्न सक्ने गुण हुन्छ भने अन्य धेरै प्रजातीहरुलाइ बृद्धी हुनका लागी माटोको गहिराइ, माटोको वनोट, माटोमा रहेको अम्लीय पन, पानीको बहाव, माटोमा रहेको मलिलो अबस्था आदिमा निर्भर रहन्छ । यिनै कुराको आधारमा गुल्मी जिल्लाको उतरी महाभारत क्षेत्रमा खोटे सल्लाको वनको बृद्धि सन्तोष जनक रहेको पाईन्छ । कालिगण्डकी नदी, बडिगाडखोला किनारा कम उचाईको दक्षिणी मोहोडामा खयर, साल प्रजातीको पुर्नउत्पादनको अवस्थामा सुधार आउदै गरेको भएता सुख्यापन र अन्य मानविय क्रियाकलापका कारण साल तथा खयरको विरुवाको अवस्था कमजोर हुदै गएको र झाडीदार वनको रुपमा योजना तथा व्यवस्थापन हुन लागेको देखिन्छ ।

## १.३ खनिज

गुल्मी जिल्लामा उलेख्य मात्रामा खनिजहरू भएको प्रमाण खानी तथा भूगर्भ विभाग तथा नेपाल भौगर्भिक समानको प्रकाशनहरूको अध्ययनबाट देखिएको छ। जसमा Zinc (Zn), Lead (Pb), चुनढुङ्गा (Limestone), Dolomite (CaMg(CO3), Magnesite (MgCO3), Laterite/ Red Clay, Coal, Copper, Iron उपलब्धता देखिएको छ।

## १.४ जलवायु तथा वर्षा (Climate and Precipitation)

### १.४.१ जिल्लाको जलवायु तथा सिजनहरु

विषम धरातल तथा उचाईले गर्दा जिल्लाका बिभिन्न क्षेत्रको हावापानीमा पनि भिन्नता पाइन्छ । यस जिल्लाको दक्षिणी क्षेत्रको भूभागमा उष्ण (Tropical), मध्य—पहाडी भेगको होचो क्षेत्रमा उपोष्ण (Sub-Tropical) र उच्च भागको भूभागमा शितोष्ण (Temperate) प्रकारका हावापानी पाईन्छन् । अधिकांश वर्षा आषाढ, श्रावण र भाद्र महिनामा भएता पनि यदाकदा हिउदे वर्षा पनि हुन्छ । यहाँ वार्षिक सालाखाला १५०० मि.मी. पानी पर्दछ ।

#### १.४.१.१ वार्षिक तापक्रम

स्थान विशेष अनुसार यस जिल्लाको तापक्रमको Variation बढी हुने गरेको छ । हिउँदमा तापक्रम २.०-१० डिग्री से. सम्म हुने गर्दछ भने गर्मीमा ३०-३५ डिग्री से. सम्म पुगेको रेकर्ड छ ।

## १.५ जल सम्पदा (Water Resources)

गुल्मी जिल्ला जलस्रोतका दृष्टिले निकै समृद्ध मानिन्छ। यहाँको भौगोलिक बनावट, पहाडी—उपत्यकात्मक संरचना र उच्च वर्षाका कारण सतही तथा भूमिगत दुवै प्रकारका जलस्रोत प्रशस्त पाइन्छन्। जिल्लामा

कालीगण्डकी नदी प्रमुख नदी प्रणालीको रूपमा बग्छ, जसले गुल्मीको पश्चिमी तथा दक्षिणी भागलाई प्रभाव पार्दै कृषि, जलविद्युत् र जलाधार व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्छ। यसका साथै रिडी खोला, छल्दी खोला, दरमखोला, घनपोखरा खोला, तम्घास आसपासका साना खोला—नालाहरू र असंख्य झरना तथा मुहानहरू यहाँका अन्य महत्वपूर्ण जल सम्पदा हुन्।

गुल्मीमा प्राकृतिक झरना, मुहान, तथा वर्षातीय जल सङ्कलन प्रणाली पनि प्रशस्त पाइन्छ, जसले ग्रामीण खानेपानी आपूर्ति र सिँचाइ प्रणालीलाई सहयोग पुऱ्याउँछ। भूमिगत जलस्रोत तुलनात्मक रूपमा पहाडी भू—भागमा सीमित भए पनि खोल्सा र पहिरो प्रभावित क्षेत्रमा मुहानहरूको सुक्ने समस्या देखिन्छ। जलसम्पदाले जिल्लाको जैविक विविधता, वन क्षेत्रको संरक्षण, कृषि उत्पादन र स्थानीय जीविकोपार्जनमा प्रत्यक्ष प्रभाव पार्दछ। साथै, कालीगण्डकी करिडोर र सम्भावित जलविद्युत् परियोजनाहरूका कारण गुल्मीको जलस्रोत आर्थिक विकासको महत्वपूर्ण आधारसमेत बन्दै गएको छ।

## १.६ भू उपयोग (Land use)

नेपालको सम्पूर्ण क्षेत्रलाई भु उपग्रह तथा अन्य चित्रका आधारमा वन सर्वेक्षण तथा अनुसन्धान विभागले सन २०१५ मा प्रकाशन गरेको तथ्याङक अनुसार गुल्मी जिल्लाको ०.५ हेक्टर भन्दा बढीक्षेत्र भएको, कम्तिमा २० मिटर लम्वाई वा चौडाई भएको, रुखको छत्र छाँया बढीमा १० प्रतिशत भन्दा बढी र रुखको उचाई ५ मिटर रहेको क्षेत्रलाई वन क्षेत्र, रुखको छत्र छाँया ५ प्रतिशत भन्दा कमी तर बुट्यान तथा रुखको संयुक्त छत्र छाँया १० प्रतिशत भन्दा बढी रहेको क्षेत्रलाई अन्य काष्ठ तथा बुट्यान क्षेत्र तथा वन र अन्य काष्ठ तथा बुट्यान क्षेत्र बाहेकको क्षेत्रलाई अन्य क्षेत्र गरि तिन प्रकारको भु-उपयोगिताको आधारमा यस जिल्लामा वन क्षेत्र ४५१७२ हेक्टर, वन बाहेकका क्षेत्र ६४३११ हेक्टर, वन भएको अन्य क्षेत्र ३१० (Forest having Crown Cover ५-१०%) हेक्टर र बुट्यान क्षेत्र ८११ हेक्टर रहेको छ।

**तालिका २ भु उपयोग अवस्था**

| सि.नं. | भू-उपयोग | क्षेत्रफल हे. | प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र | ४५१७२ | ४१.० |
| २ | अन्य क्षेत्र (वन बाहेकको- कृषि जग्गा, बस्ती, खोलानाला नदी आदी) | ६४३११ | ५८.९ |
| ३ | अन्य ((Forest having Crown Cover 5-10%) | ३१० | ०.०११ |
| ४ | झाडी, बुट्यान तथा चरण क्षेत्र | ८११ | ०.०८९ |
| जम्मा | | ११०६०३ | १०० |

## १.७ सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण

### १.७.१ जनसंख्या

२०६८ सालको जनगणनामा २८०१६० जनसंख्या रहेको यस जिल्लामा २०७८ सालको जनगणनाको विवरण अनुसार जनसख्या २४६४९४ रहन गई बृद्धिदर १.२% ले ऋणात्मक रहन गएको छ । २०६८ सालमा जनघनत्व २४४ प्रति वर्ग कि.मि. थियो भने २०७८ सालमा २१५ प्रति वर्ग कि.मि. रहेको छ । राज्य पुनसंरचना पश्चात हाल यस जिल्ला अन्तर्गतका गाँउपालिका तथा नगरपालिकाको जनसंख्या निम्न बमोजिम रहेको छ ।

**तालिका ३ स्थानिय तह अनुसारको जनसंख्याको विवरण**

| स्थानीय तह | जनगणना २०७८ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | औसत आकार | साक्षरता दर (प्रतिशतमा) | | |
| | | | | | | जम्मा | पुरुष | महिला |
| चन्द्रकोट गा.पा. | ५०२९ | १८६६२ | ८४७१ | १०१९१ | ३.७१ | ७९.६३ | ८७.४७ | ७३.२८ |
| छत्रकोट गा.पा. | ५३०७ | १९३५७ | ८६१७ | १०७४० | ३.६५ | ७९.१९ | ८७.६४ | ७२.६१ |
| धुर्कोट गा.पा. | ५३८२ | १८८१४ | ८३१२ | १०५०२ | ३.४९ | ७८.८४ | ८६.१८ | ७३.१९ |
| गुल्मीदरवार गा.पा. | ५२५३ | १९२९६ | ८४०६ | १०८९० | ३.६७ | ८२.१० | ९१.१४ | ७५.३६ |
| ईस्मा गा.पा. | ५००९ | १८५२९ | ८४०९ | १०१२० | ३.७० | ७४.५७ | ८२.४४ | ६८.२४ |
| कालिगण्डकी गा.पा. | ३७३६ | १५०४४ | ७०७४ | ७९७० | ४.०३ | ७९.६७ | ८८.६९ | ७१.८० |
| मदाने गा.पा. | ५२५३ | २००२२ | ८९७३ | ११०४९ | ३.८१ | ७७.०२ | ८५.३७ | ७०.३९ |
| मालिका गा.पा. | ५२४१ | २००७५ | ९१८८ | १०८८७ | ३.८३ | ७७.८९ | ८६.२० | ७०.२१ |
| मुसिकोट न.पा. | ७०९९ | २८४५४ | १३०९६ | १५३५८ | ४.०१ | ८५.३७ | ९१.८० | ८०.०२ |
| रेसुङ्गा न.पा. | ९०१५ | ३१५५१ | १४५५० | १७००१ | ३.५० | ८५.३७ | ९१.८० | ८०.०२ |
| रुरु क्षेत्र गा.पा | ४६०७ | १६५९७ | ७६०७ | ८९९० | ३.६० | ८२.७३ | ९०.२६ | ७६.४४ |
| सत्यवती गा.पा. | ५१६९ | १९४७३ | ८७९३ | १०६८० | ३.७७ | ८१.८६ | ८९.२१ | ७५.९२ |
| संस्थागत | २५ | ६२० | ५२९ | ९१ | | ९४.५० | ९९.६२ | ६४.४४ |
| जम्मा | ६६१२५ | २४६४९४ | ११२०२५ | १३४४६९ | ३.७३ | ८०.३४ | ८८.०१ | ७४.११ |

## १.७.२ जातजाती

राष्ट्रिय जनगणना २०७८ अनुसार यस जिल्लामा ३९ जातजातिका मानिसहरु रहेकोमा ब्राह्मण, मगर र क्षेत्री जातिको वाहुल्यता र बसोबास रहेको छ भने अन्य जातिमा नेवार, गुरूङ्ग, सन्यासी, मुस्लिम, कुमाल आदी बसोबास गर्दछन् । दलित जातिमा दमै, सार्की, कामी, सुनार आदी प्रमुख हुन् । यिनीहरू मुख्य रूपमा नेपाली भाषा बोल्दछन् तर मगर र गुरूङ्गले आ–आफ्नो भाषा पनि बोल्ने गर्दछन् । पेशाले ८०% भन्दा अधिक मानिसहरू कृषक भएता पनि दमै, सार्की, कामी, सुनार जातिका मानिसहरूले आ–आफ्नो पेशा छाडेका छैनन्। जातजातीको जनसख्याको विस्तृत विवरण यस प्रकार रहेको छ ।

**तालिका ४ जाताजाति अनुसारको विवरण**

| सि.नं. | जातजाति | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | ब्राह्मण पहाड | २८०७२ | २४६४७ | ५२७१९ | २१.३९ |
| २ | मगर | २९७६० | २५१५८ | ५४९१८ | २२.२८ |
| ३ | क्षेत्री | ३०९३९ | २५१८३ | ५६१२२ | २२.७७ |
| ४ | विश्वकर्मा | १८६२० | १४४८५ | ३३१०५ | १३.४३ |
| ५ | मिजार | ७३९१ | ५८७६ | १३२६७ | ५.३८ |
| ६ | कुमाल | ४८७२ | ४०८७ | ८९५९ | ३.६३ |
| ७ | परियार/दमै | ५२४७ | ४०९८ | ९३४५ | ३.७९ |
| ८ | नेवा/नेवार | २२६१ | २०६४ | ४३२५ | २.८९ |
| ९ | अन्य | ७३७० | ६४३० | १३८०० | ४.४४ |
| कुल जम्मा | | १३४४६९ | ११२०२५ | २४६४९४ | १००.०० |

## १.७.३ धर्म र संस्कृति

जिल्लामा बिभिन्न धर्माबलम्बीहरूको बसोबास रहेकोछ । उनिहरु बीच धार्मिक सहिष्णुता कायम छ । यहाँ हिन्दु धर्मावलम्वीहरूको जनसँख्या बढी भए पनि अन्य धर्मावलम्वीहरू बीच सौहार्दता रहेको छ । गुल्मी जिल्लामा विभिन्न धर्म मान्यहरुको अवस्था निम्न बमोजिम रहेकोछ ।

**तालिका ५ धर्म अनुसारको विववरण**

| धर्म | जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| हिन्दू | २३८०५९ | १०८०१० | १३००४९ | ९६.६ |
| बौद्ध | ५३०५ | २५०९ | २७९६ | २.१५ |
| प्रकृति | १४७६ | ६८२ | ७९४ | ०.६ |

| धर्म | जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| बोन | ५९६ | २८२ | ३१४ | ०.२४ |
| इस्लाम | ५४३ | ३०६ | २३७ | ०.२२ |
| क्रिश्चियन | ५०४ | २२८ | २७६ | ०.२ |
| किरात | १० | ७ | ३ | ० |
| सिख | १ | १ | ० | ० |
| जैन | ० | ० | ० | ० |
| वहाई | ० | ० | ० | ० |
| जम्मा | २४६४९४ | ११२०२५ | १३४४६९ | १०० |

### १.७.४ बसाई सराई

गुल्मी जिल्लामा कुनकुन ठाँउबाट बसाई सरी आए वा गए भन्ने वारेमा भरपर्दो तथ्याङ्क उपलब्ध नभए पनि अन्तर गाँउपालिका र अन्तर जिल्ला बँसाइसराई मूख्यरुपमा रहेको छ । खासगरी ग्रामिण क्षेत्रबाट तुलनात्मक रुपले सुविधा सम्पन्न शहरी वा बजारीकरण हुदै गएका क्षेत्रतर्फको आकर्षण बढ्दै गईरहेको छ । बढ्दो बिप्रषण (Remittance) खानपान र आधुनिक जीवन पद्धतिमा आएको परिवर्तन तथा शिक्षा र स्वास्थयमा आएको चेतना बसाईसराइको प्रमुख कारण हुन सक्दछ । ग्रामीण भेगबाट जिल्ला सदरमूकाम तम्घास, पालिमा मुकामहरु र जिल्ला बाहिर बुटवल, कपिलबस्तु र काठमाण्डौ तथा पूर्व—पश्चिम राजमार्ग दाँयावाँया मुख्य रुपमा बसाई—सराईको आकर्षण रहेको देखिन्छ ।

### १.७.५ जीविकोपार्जन

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार गुल्मी जिल्लामा १० वर्ष वा सो भन्दा माथिको उमेर समुहका करिब ७० प्रतिशत जनसंख्या आर्थिक रुपमा सक्रिय रहेको छ भने बाँकी आर्थिक रुपमा निस्क्रिय रहेको छ। यस जिल्लामा १० बर्ष उमेर समुह माथि २१ प्रकार प्राकारका पेशमा आवद्धता भई आर्थिक क्रियाकलापमा जनसंख्या संलग्न रहेको देखिन्छ ।

**तालिका ६ आर्थिक कामको पेशागत बर्गिकरण अनुसारको जनसंख्या**

| आर्थिक क्रियाकलाप/ औद्योगिक क्षेत्रको वर्गीकरण | संलग्न जनसंख्या (जम्मा) | संलग्न जनसंख्या (पुरुष) | संलग्न जनसंख्या (महिला) |
|---|---|---|---|
| कृषि, वन तथा माछापालन | ११७२३६ | ४६१८४ | ७१०५२ |
| खानी तथा उत्खनन् | ८७ | ५२ | ३५ |
| औद्योगिक उत्पादन | २४२० | १६८७ | ७३३ |
| विद्युत, ग्याँस, वाफ तथा वातावरण अनुकूलित सेवा | २५८ | २३१ | २७ |

| आर्थिक क्रियाकलाप/ औद्योगिक क्षेत्रको वर्गीकरण | संलग्न जनसंख्या (जम्मा) | संलग्न जनसंख्या (पुरुष) | संलग्न जनसंख्या (महिला) |
|---|---|---|---|
| पानीको आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापन र शुद्धीकरणका क्रियाकलापहरु | १६५ | १०९ | ५६ |
| निर्माण | ६४९३ | ४७३५ | १७५८ |
| थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मत सम्भारका कार्यहरु | १०१५६ | ५१०७ | ५०४९ |
| यातायात तथा भण्डारण | १३९० | १३२८ | ६२ |
| आवास तथा भोजन सेवा सम्बन्धी क्रियाकलापहरु | १७३२ | १०३७ | ६९५ |
| सूचना तथा सञ्चार | १९६ | १३२ | ६४ |
| वित्तीय तथा बिमा सम्बन्धी क्रियाकलापहरु | ७२९ | ४०२ | ३२७ |
| घर जग्गा कारोबारका व्यावसायिक क्रियाकलापहरु | २८ | २० | ८ |
| पेसागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु | ३१७ | २३८ | ७९ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | ११८ | ७३ | ४५ |
| सार्वजनिक प्रशासन तथा सुरक्षा, अनिवार्य सामाजिक सुरक्षा सम्बन्धी क्रियाकलापहरु | १५८३ | १२७१ | ३१२ |
| शिक्षा | ४८०३ | २३६३ | २४४० |
| मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरु | १००९ | ३७१ | ६३८ |
| कला, मनोरञ्जन तथा मनोविद् | ७० | ५७ | १३ |
| अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरु | २४४० | १०९४ | १३४६ |
| घर परिवारका घरायसी क्रियाकलापहरु | ११६४ | ३४८ | ८१६ |
| बाह्य संघसंस्था एवं यसका अरुहरुका क्रियाकलापहरु | ४५ | १३ | ३२ |
| उल्लेख नभएका/ नखुलेका | ६५ | ३८ | २७ |
| जम्मा | १५२५०४ | ६६८९० | ८५६१४ |

## १.८ पुरातात्विक र पर्यटकिय महत्वपुर्ण क्षेत्र (धार्मिक, साँस्कृतिक र पर्यापर्यटकीय स्थलहरुको परिचय)

### १.८.१ धार्मिक, पुरातात्वीक तथा साँस्कृतिक स्थलहरु

ऐतिहासिक, पुरातात्विक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थलहरू रहेको यस जिल्लालाई पर्यटकीय क्षेत्रको रूपमा योजना तथा व्यवस्थापन गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । धार्मिक पर्यटकीय स्थलहरू निम्न वमोजिम रहेको पाईन्छ ।

## रेसुङ्गा

रेसुङ्गा गुल्मी जिल्लाको सबैभन्दा प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्र हो, जुन धार्मिक आस्था, प्राकृतिक सौन्दर्य तथा जैविक विविधताको केन्द्रका रूपमा परिचित छ। पुराण तथा स्थानीय जनविश्वास अनुसार विभिन्न ऋषिमुनिहरूले यहाँ तपस्या गरेकाले यस क्षेत्रलाई पवित्र तपोभूमि मानिन्छ। यहाँ रहेको ऋषिकेश मन्दिर हिन्दू धर्मावलम्बीहरूको महत्वपूर्ण आस्थाको केन्द्र हो। घना वन, स्वच्छ वातावरण तथा उच्च स्थानमा अवस्थित भएकाले यहाँबाट धौलागिरि, अन्नपूर्ण लगायतका हिमश्रृंखलाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। धार्मिक पर्यटन, वन भ्रमण, जैविक विविधता संरक्षण तथा आन्तरिक पर्यटन प्रवर्द्धनका दृष्टिले रेसुङ्गाको विशेष महत्व रहेको छ।

## रेसुङ्गा वन संरक्षण क्षेत्र

रेसुङ्गा वन संरक्षण क्षेत्र जैविक विविधता तथा वातावरणीय संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्र मानिन्छ। यस क्षेत्रमा विभिन्न प्रकारका वनस्पति, जडीबुटी, चराचुरुङ्गी तथा वन्यजन्तु पाइन्छन्। वन संरक्षण क्षेत्रले माटो तथा जल संरक्षण, वातावरणीय सन्तुलन कायम राख्ने तथा स्थानीय समुदायलाई पर्यावरणीय सेवा प्रदान गर्ने कार्य गर्दछ। प्राकृतिक पदमार्ग, हरियाली वन तथा शान्त वातावरणका कारण यो क्षेत्र प्रकृतिप्रेमी तथा अनुसन्धानकर्ताका लागि आकर्षणको केन्द्र बनेको छ। जैविक विविधता संरक्षणसँगै इको—टुरिजम विकासको दृष्टिले यसको विशेष महत्व रहेको छ।

## सत्यवती ताल

सत्यवती ताल गुल्मी जिल्लाको महत्वपूर्ण धार्मिक तथा प्राकृतिक सम्पदामध्ये एक हो। धार्मिक किंवदन्ती अनुसार सच्चा मनले मागेको इच्छा यहाँ पूरा हुने विश्वास गरिन्छ, जसका कारण यो स्थल श्रद्धालुहरूको प्रमुख तीर्थस्थल बनेको छ। हरिबोधिनी एकादशी तथा बालाचतुर्दशीमा यहाँ ठूलो मेला लाग्ने गर्दछ। ताल वरिपरिको प्राकृतिक सौन्दर्य, हरियाली तथा धार्मिक वातावरणले पर्यटकलाई आकर्षित गर्ने गरेको छ। धार्मिक पर्यटन, सांस्कृतिक संरक्षण तथा स्थानीय आर्थिक गतिविधि प्रवर्द्धनका दृष्टिले सत्यवती तालको विशेष महत्व रहेको छ ।

## रुरु क्षेत्र (ऋषिकेश मन्दिर)

रुरु क्षेत्र नेपालकै प्रसिद्ध धार्मिक तीर्थस्थलहरूमध्ये एक हो, जुन कालीगण्डकी नदी किनारमा अवस्थित छ। हिन्दू धर्ममा पवित्र मानिने यस क्षेत्रमा रहेको ऋषिकेश मन्दिरमा नेपालका विभिन्न भागबाट श्रद्धालुहरू आउने गर्दछन्। विशेषगरी माघे संक्रान्तिको अवसरमा यहाँ ठूलो धार्मिक मेला लाग्ने गर्दछ। धार्मिक स्नान तथा पूजाआजाको विशेष महत्व रहेको यस क्षेत्रले धार्मिक पर्यटन विकासमा ठूलो योगदान पुर्‍याएको छ। साथै कालीगण्डकी नदी, प्राकृतिक भू—दृश्य तथा सांस्कृतिक वातावरणका कारण रुरु क्षेत्र प्राकृतिक तथा सांस्कृतिक पर्यटनका लागि समेत महत्वपूर्ण मानिन्छ।

## मालिका मन्दिर

मालिका मन्दिर गुल्मी जिल्लाको प्रमुख धार्मिक आस्थाको केन्द्र हो जहाँ मालिका भगवतीको पूजा गरिन्छ। स्थानीय समुदायको गहिरो धार्मिक विश्वाससँग जोडिएको यस मन्दिरमा विशेषगरी दशैं पर्वमा ठूलो पूजा तथा मेला आयोजना गरिन्छ। पहाडी क्षेत्रमा अवस्थित भएकाले यहाँबाट देखिने प्राकृतिक दृश्य अत्यन्त आकर्षक छ। धार्मिक आस्था, स्थानीय संस्कृति तथा सामाजिक एकताको प्रतीकका रूपमा मालिका मन्दिरको महत्वपूर्ण स्थान रहेको छ। धार्मिक पर्यटन तथा सांस्कृतिक संरक्षणका दृष्टिले यस मन्दिरको विशेष महत्व रहेको छ।

## धुर्कोट गढी

धुर्कोट गढी गुल्मी जिल्लाको ऐतिहासिक महत्व बोकेको स्थल हो। प्राचीन समयमा यो क्षेत्र सुरक्षा तथा प्रशासनिक केन्द्रका रूपमा प्रयोग भएको मानिन्छ। उच्च स्थानमा अवस्थित भएकाले वरपरका भूभागको निगरानी गर्न सहज हुने हुँदा यसको रणनीतिक महत्व रहेको थियो। हाल यो स्थान ऐतिहासिक अध्ययन, दृश्यावलोकन तथा आन्तरिक पर्यटनको आकर्षणको केन्द्र बनेको छ। ऐतिहासिक सम्पदाको संरक्षण तथा पर्यटन विकासका दृष्टिले धुर्कोट गढी महत्वपूर्ण मानिन्छ।

## अर्जुन डाँडा

अर्जुन डाँडा प्राकृतिक दृश्यावलोकनका लागि प्रसिद्ध पर्यटकीय स्थल हो। यहाँबाट गुल्मी जिल्लाका विभिन्न भूभाग, हरियाली पहाड तथा हिमाली श्रृंखलाको आकर्षक दृश्य देख्न सकिन्छ। विशेषगरी सूर्योदय तथा सूर्यास्तको दृश्य अत्यन्त मनमोहक मानिन्छ। शान्त वातावरण तथा प्राकृतिक मनोरमताका कारण यो स्थल आन्तरिक पर्यटकको लोकप्रिय गन्तव्य बन्दै गएको छ। प्राकृतिक पर्यटन तथा मनोरञ्जनात्मक गतिविधि विकासका दृष्टिले अर्जुन डाँडाको महत्वपूर्ण भूमिका रहेको छ।

## कालीगण्डकी नदी क्षेत्र

कालीगण्डकी नदी धार्मिक, प्राकृतिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण नदी हो। हिन्दू धर्ममा पूजनीय मानिने शालिग्राम यही नदीमा पाइने भएकाले धार्मिक महत्व विशेष रहेको छ। नदी वरिपरिका क्षेत्रहरू प्राकृतिक सौन्दर्यले भरिपूर्ण छन्। जलस्रोत, धार्मिक पर्यटन, कृषि तथा जैविक विविधता संरक्षणका दृष्टिले कालीगण्डकी नदीको महत्वपूर्ण योगदान रहेको छ। साथै र्‍याफ्टिङ लगायत साहसिक पर्यटनको सम्भावना पनि यस क्षेत्रमा रहेको छ।

## विचित्र गुफा

विचित्र गुफा गुल्मी जिल्लाको महत्वपूर्ण प्राकृतिक तथा धार्मिक पर्यटकीय सम्पदा हो। प्राकृतिक रूपमा बनेको यस गुफामा अनौठा चट्टानी बनावट, ढुंगाका आकृति तथा टप्किने पानीका संरचनाहरू देख्न सकिन्छ। गुफाभित्र देवी—देवताका आकृतिजस्ता प्राकृतिक स्वरूप देखिने विश्वासका कारण स्थानीय समुदायले यसलाई धार्मिक

आस्थासँग पनि जोड्ने गरेका छन्। गुफा वरिपरिको हरियाली वन तथा शान्त वातावरणले यस क्षेत्रलाई थप आकर्षक बनाएको छ। प्राकृतिक अध्ययन, धार्मिक पर्यटन तथा इको—टुरिजम विकासका दृष्टिले विचित्र गुफाको विशेष महत्व रहेको छ।

### मदाने लेक

मदाने लेक गुल्मी जिल्लाको उदीयमान पर्यटकीय गन्तव्यका रूपमा परिचित छ। उच्च पहाडी क्षेत्रमा अवस्थित यस स्थल प्राकृतिक सौन्दर्य, शान्त वातावरण तथा मनोरम दृश्यका लागि प्रसिद्ध हुँदै गएको छ। यहाँबाट विभिन्न हिमश्रृंखला, हरियाली वन तथा पहाडी भू—दृश्य अवलोकन गर्न सकिन्छ। मदाने क्षेत्र जैविक विविधताले समेत समृद्ध मानिन्छ जहाँ विभिन्न प्रकारका वनस्पति तथा वन्यजन्तु पाइन्छन्। प्राकृतिक पर्यटन, पदयात्रा, वातावरणीय अध्ययन तथा आन्तरिक पर्यटन प्रवर्द्धनका दृष्टिले मदाने लेक अत्यन्त सम्भावनायुक्त क्षेत्र मानिन्छ। उचित पूर्वाधार विकास तथा प्रचार—प्रसार गर्न सके यो क्षेत्र गुल्मी जिल्लाको प्रमुख पर्यटकीय केन्द्रका रूपमा विकसित हुन सक्ने सम्भावना रहेको छ।

# भाग २
# जिल्लाको जैविक विविधता सम्बन्धी परिचय

गुल्मी जिल्लाको धरातलीय स्वरुप पहाडी तथा होचो अग्लो खोच र खोल्सीहरु रहेकाले जलवायुमा फरकपनका कारण यस जिल्लामा प्रजातिय विविधताको दृष्टिकोणले महत्वपूर्ण रहेको छ । जिल्लाको उत्तर तर्फ जतिजति उचाई बढ्दै जान्छ सोही अनुसार हावापानीमा परिवर्तन भई वनस्पतिमा समेत परिवर्तन हुदैं गएको पाईन्छ । दक्षिण पुर्व क्षेत्रको वनजंगल उष्ण तथा उपोष्ण प्रदेशीय खालको छ । उत्तरतर्फका खोंच, वेंसी जस्ता होचा क्षेत्रहरूमा उपोष्ण र उच्च पहाडी क्षेत्र अर्थात् महाभारत श्रृंखलामा शितोष्ण प्रकारका वन जंगल रहेकाले प्रजाति मिश्रित वन रहेको छ । साथै वन भित्र रहेका ताल, तलैया, सिमसार क्षेत्र विभिन्न प्रजातिका चरा तथा वन्यजन्तुका वासस्थान रहेकाले पनि जिल्लामा जैविक विविधताको प्रचुर संभावाना रहेको छ ।

## २.१ वनको किसिम

नविकरणीय प्राकृतिक स्रोतको रूपमा रहेको वन क्षेत्रले जिल्लाको पर्यावरणीय सन्तुलन कायम गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । समथल भू—भाग देखि  मध्य पहाड सम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाईने वनको किसिम र प्रजातीमा पनि विविधता पाईन्छ । जिल्लाको उत्तर तर्फ जतिजति उचाई बढ्दै जान्छ सोही अनुसार हावापानीमा परिवर्तन भई वनस्पतिमा समेत परिवर्तन हुदैं गएको पाईन्छ । यो जिल्लामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्र भित्र ताल, तलैया, सिमसार क्षेत्र रहेकाले जैविक विविधता पनि प्रशस्त रहेको छ । साथै करिब ४० बर्ष अगाडि सामुदायिक वन योजना तथा व्यवस्थपन कार्यक्रमबाट बृक्षारोण गरिएको खोटे सल्लाका वनहरु समेत रहेका छन ।जलवायु, भुस्वामित्व र व्यवस्थापन, प्रजातिगत र भौगोलिक आधारमा यस जिल्लाको जैविक वातावरण निम्नानुसार रहेको छ।

### प्रजाति र जलवायुको आधारमा वनको वर्गिकरण/विवरण

यस जिल्लामा उष्ण देखि सम-शितोष्ण किसिमको हावापानि पाइने भएकाले यहा वनस्पति प्रजातिको विविधताक रहेको छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले प्रकासन गरेको तथ्याङ्कक अनुसार जिल्लामा रहेको वन क्षेत्रलारई प्रजाति तथा जलबायुका आधारमा जिल्लाका स्थानीय तह अनुसार निम्न अनुसार रहेको छ ।

| स्थानिय तह | वनको प्रकार | क्षेत्रफल हेक्टर |
|---|---|---|
| चन्द्रकोट गाउँपालिका | Tropical Mixed Broadleaved Forest | ४३८ |
| | Sub-tropical Mixed Broadleaved Forest | ३५९९ |
| | Shorea Robusta Mixed Broadleaved Forest | ३७६ |
| | Upper Temperate coneferous forest | ९२ |

| स्थानिय तह | वनको प्रकार | क्षेत्रफल हेक्टर |
|---|---|---|
| चन्द्रकोट गाउँपालिका | Cool temperate mixed broadleaved forest | २७ |
| | Pinus Roxburghi forest | २१६ |
| | Alnus Forest | ४२० |
| | Schima Forest | ११४ |
| | Pinus Roxburghi mixed broadleaved forest | १३ |
| | Warm temperate mixed broadleaved forest | १२४६ |
| | Upper Temperate Quercus forest | १०७ |
| | Temperate Rhododendron Mixed Broadleaved Forest | १७० |
| | Terminalia-Tropical Mixed Broadleaved Forest | ७ |
| | Temperate mixed Broadleaved forest | ३०१ |
| | Lower Temperate Mixed Broadleaved Forest | ५३ |
| | Lower Temperate Quercus Forest | ३८ |
| जम्मा | | ७२१७ |
| छत्रकोट गाउँपालिका | Shorea Robusta Forest | १२८० |
| | Tropical Mixed Broadleaved Forest | १११४ |
| | Sub-tropical Mixed Broadleaved Forest | २८६१ |
| | Shorea Robusta Mixed Broadleaved Forest | ४०१ |
| | Pinus Roxburghi forest | १६४ |
| | Alnus Forest | १३६ |
| | Schima Forest | ३९ |
| | Pinus Roxburghi mixed broadleaved forest | ६ |
| | Warm temperate mixed broadleaved forest | ७ |
| | Terminalia-Tropical Mixed Broadleaved Forest | २३ |
| | Lower Temperate Mixed Broadleaved Forest | १९ |
| जम्मा | | ६०५० |

| स्थानिय तह | वनको प्रकार | क्षेत्रफल हेक्टर |
|---|---|---|
| धुर्कोट गाउँपालिका | Tropical Mixed Broadleaved Forest | ६५ |
| | Sub-tropical Mixed Broadleaved Forest | ४८२४ |
| | Shorea Robusta Mixed Broadleaved Forest | ४०३ |
| | Pinus Roxburghi forest | ४३९ |
| | Alnus Forest | ८८ |
| | Warm temperate mixed broadleaved forest | ४१ |
| | Temperate mixed Broadleaved forest | ४१ |
| | Lower Temperate Mixed Broadleaved Forest | १९५ |
| | Lower Temperate Quercus Forest | ४२ |
| | Pinus Wallichina Forest | १९ |
| जम्मा | | ६१५७ |
| गुल्मीदरवार गाउँपालिका | Shorea Robusta Forest | ४८८ |
| | Tropical Mixed Broadleaved Forest | ५६८ |
| | Sub-tropical Mixed Broadleaved Forest | ३५३८ |
| | Shorea Robusta Mixed Broadleaved Forest | ३२८ |
| | Pinus Roxburghi forest | १०४ |
| | Alnus Forest | १२४ |
| | Schima Forest | ८ |
| | Warm temperate mixed broadleaved forest | १७८ |
| | Terminalia-Tropical Mixed Broadleaved Forest | ८ |
| | Temperate mixed Broadleaved forest | ८ |
| | Lower Temperate Mixed Broadleaved Forest | ४७ |
| जम्मा | | ५३९९ |
| ईश्मा गाउँपालिका | Tropical Mixed Broadleaved Forest | ४१६ |
| | Sub-tropical Mixed Broadleaved Forest | ३५७२ |
| | Shorea Robusta Mixed Broadleaved Forest | ९३१ |
| | Upper Temperate coneferous forest | १४ |

| स्थानिय तह | वनको प्रकार | क्षेत्रफल हेक्टर |
|---|---|---|
| | Pinus Roxburghi forest | १६७ |
| | Alnus Forest | २९ |
| | Warm temperate mixed broadleaved forest | १५ |
| | Lower Temperate Mixed Broadleaved Forest | १३० |
| | Pinus Wallichina Forest | ९ |
| जम्मा | | ५२८३ |
| कालिगण्डकी गाउँपालिका | Shorea Robusta Forest | ६८ |
| | Tropical Mixed Broadleaved Forest | ९६४ |
| | Sub-tropical Mixed Broadleaved Forest | ३१०६ |
| | Shorea Robusta Mixed Broadleaved Forest | ५४६ |
| | Upper Temperate coneferous forest | १५७ |
| | Cool temperate mixed broadleaved forest | ९६ |
| | Alnus Forest | ३२४ |
| | Schima Forest | २८७ |
| | Pinus Roxburghi mixed broadleaved forest | २३ |
| | Warm temperate mixed broadleaved forest | १२५७ |
| | Upper Temperate Quercus forest | २५ |
| | Temperate Rhododendron Mixed Broadleaved Forest | ५७ |
| | Terminalia-Tropical Mixed Broadleaved Forest | ३८ |
| | Temperate mixed Broadleaved forest | ११९ |
| | Lower Temperate Mixed Broadleaved Forest | २० |
| | Lower Temperate Quercus Forest | ११ |
| जम्मा | | ७०९८ |
| मदाने गाउँपालिका | Sub-tropical Mixed Broadleaved Forest | ३५०३ |
| | Shorea Robusta Mixed Broadleaved Forest | ९ |
| | Upper Temperate coneferous forest | ३९ |
| | Cool temperate mixed broadleaved forest | १० |

| स्थानिय तह | वनको प्रकार | क्षेत्रफल हेक्टर |
|---|---|---|
| | Pinus Roxburghi forest | २८५ |
| | Alnus Forest | ३६९ |
| | Warm temperate mixed broadleaved forest | ३८७ |
| | Upper Temperate Quercus forest | २३७ |
| | Temperate Rhododendron Mixed Broadleaved Forest | १८८ |
| | Temperate mixed Broadleaved forest | ५७७ |
| | Lower Temperate Mixed Broadleaved Forest | १२० |
| | Lower Temperate Quercus Forest | २५५ |
| | Pinus wallichiana forest | २० |
| | Rhododendron aroreum Forest | ३१ |
| जम्मा | | ६०३० |
| मालिका गाउँपालिका | Tropical Mixed Broadleaved Forest | ३६५९ |
| | Shorea Robusta Mixed Broadleaved Forest | १०५ |
| | Upper Temperate coniferous forest | ३८ |
| | Cool temperate mixed broadleaved forest | १४ |
| | Pinus Roxburghi forest | ५२ |
| | Alnus Forest | ४५२ |
| | Warm temperate mixed broadleaved forest | ५३९ |
| | Upper Temperate Quercus forest | २१७ |
| | Temperate Rhododendron Mixed Broadleaved Forest | १५० |
| | Temperate mixed Broadleaved forest | ४७६ |
| | Lower Temperate Mixed Broadleaved Forest | ११४ |
| | Lower Temperate Quercus Forest | १९६ |
| | Pinus Wallichina Forest | १५ |
| | Rhododendron arboreum Forest | १८ |
| जम्मा | | ६०४५ |

| स्थानिय तह | वनको प्रकार | क्षेत्रफल हेक्टर |
|---|---|---|
| मुसिकोट नगरपालिका | Tropical Mixed Broadleaved Forest | ५९२ |
| | Sub-tropical Mixed Broadleaved Forest | ४८४८ |
| | Shorea Robusta Mixed Broadleaved Forest | ९३४ |
| | Upper Temperate coneferous forest | १०४ |
| | Cool temperate mixed broadleaved forest | १०० |
| | Pinus Roxburghi forest | ३१५ |
| | Alnus Forest | १६४ |
| | Schima Forest | २३ |
| | Warm temperate mixed broadleaved forest | ४७० |
| | Upper Temperate Quercus forest | १९ |
| | Temperate Rhododendron Mixed Broadleaved Forest | १५ |
| | Terminalia-Tropical Mixed Broadleaved Forest | २२ |
| | Temperate mixed Broadleaved forest | ८२ |
| | Lower Temperate Mixed Broadleaved Forest | ९१ |
| | Lower Temperate Quercus Forest | १४ |
| | Pinus Wallichiana Forest | ३५ |
| जम्मा | | ७८२८ |
| रेसुङ्गा नगरपालिका | Tropical Mixed Broadleaved Forest | १९४ |
| | Sub-tropical Mixed Broadleaved Forest | ४१४७ |
| | Shorea Robusta Mixed Broadleaved Forest | ४७१ |
| | Upper Temperate coneferous forest | ४२ |
| | Cool temperate mixed broadleaved forest | १० |
| | Pinus Roxburghi forest | ६४५ |
| | Alnus Forest | ९३ |
| | Warm temperate mixed broadleaved forest | ४०१ |
| | Upper Temperate Quercus forest | ६८ |
| | Temperate Rhododendron Mixed Broadleaved Forest | २१ |

| स्थानिय तह | वनको प्रकार | क्षेत्रफल हेक्टर |
|---|---|---|
| | Temperate mixed Broadleaved forest | ७४ |
| | Lower Temperate Mixed Broadleaved Forest | ११९ |
| | Lower Temperate Quercus Forest | ४० |
| | Shorea Robusta Forest | १६० |
| | Pinus Wallichiana Forest | १५ |
| जम्मा | | ६५०० |
| रुरुक्षेत्र गाउँपालिका | Shorea Robusta Forest | ६६६ |
| | Tropical Riverine Forest | ७ |
| | Tropical Mixed Broadleaved Forest | ६४४ |
| | Sub-tropical Mixed Broadleaved Forest | २८१७ |
| | Shorea Robusta Mixed Broadleaved Forest | ५६३ |
| | Pinus Roxburghi forest | ११७ |
| | Alnus Forest | १०३ |
| | Schima Forest | ७६ |
| | Pinus Roxburghi mixed broadleaved forest | ६ |
| | Terminalia-Tropical Mixed Broadleaved Forest | १९ |
| | Temperate mixed Broadleaved forest | ८ |
| | Lower Temperate Mixed Broadleaved Forest | २२ |
| | जम्मा | ५०४८ |
| सत्यवती गाउँपालिका | Shorea Robusta Forest | ११३ |
| | Dalbergia Sissoo Senegalia Catechu Forest | ७ |
| | Tropical Mixed Broadleaved Forest | १०२५ |
| | Sub-tropical Mixed Broadleaved Forest | ३२३२ |
| | Shorea Robusta Mixed Broadleaved Forest | ८०३ |
| | Upper Temperate coneferous forest | २४३ |
| | Cool temperate mixed broadleaved forest | ९६ |
| | Pinus Roxburghi forest | ५१ |

| स्थानिय तह | वनको प्रकार | क्षेत्रफल हेक्टर |
|---|---|---|
| | Alnus Forest | २६३ |
| | Schima Forest | २४१ |
| | Pinus Roxburghi mixed broadleaved forest | ४० |
| | Warm temperate mixed broadleaved forest | १५०२ |
| | Upper Temperate Quercus forest | १०७ |
| | Temperate Rhododendron Mixed Broadleaved Forest | २८१ |
| | Terminalia-Tropical Mixed Broadleaved Forest | ३० |
| | Temperate mixed Broadleaved forest | २३२ |
| | Lower Temperate Mixed Broadleaved Forest | २३ |
| | Lower Temperate Quercus Forest | ४९ |
| | Pinus Wallichiana Forest | २६ |
| | Rhododendron Arboreum Forest | ८ |
| जम्मा | | ८३७२ |

## २.२ स्वामित्व र व्यवस्थापकीय जिम्मेवारीको आधारमा वनको वर्गिकरण

प्रदेश वन ऐन, २०७८ ले संरक्षित क्षेत्र वाहिर रहेको वनलाई स्वामित्वको आधारमा राष्ट्रिय वन र निजी वन गरी दुई प्रमुख भागमा विभाजन गरेको छ । साथै व्यवस्थापकीय र जिम्मेवारीको आधारमा राष्ट्रिय वनलाई पुनः सरकारद्धारा व्यवस्थित वन, संरक्षित वन/वन संरक्षण क्षेत्र, साझेदारी वन, सामुदायिक वन, कवुलियती वन र धार्मिक वन गरी ६ प्रकारमा बिभाजन गरेकोमा यस जिल्लामा साझेदारी वन बाहेकका अन्य वनहरु विद्यमान रहेका छन ।

### क. राष्ट्रिय वन

### सरकारद्धारा व्यवस्थित वन

प्रदेश वन ऐन, २०७८ को परिच्छेद ३ र प्रदेश वन नियमावली, २०७९ को परिच्छेद ३ मा सरकारद्धारा व्यवस्थित वनको व्यवस्था गरिएको छ । प्रदेश सरकारले बनाएको रणनितिक योजनाको अधिनमा रही सन्बन्धित अधिकारीले संरक्षीत वन, सामुदायिक वन, कबुलियती वन र धार्मिक वन बाहेकको राष्ट्रिय वनको भागलाई आवाधिक वन व्यवस्थापन योजना तयार गरी प्रदेश मन्त्रालयबाट स्वीकृत भएको कार्ययोजना वमोजिम डिभिजन वन कार्यालयबाट व्यवस्थापन गर्ने गरिएको छ । यस्तो वनको वन पैदावारमा सरकारको स्वामित्व रहन्छ र अधिकार प्राप्त अधिकारीबाट इजाजत लिएर मात्र वन पैदावार संकलन गर्न, निकासी वा ओसारपसार तथा

बिक्री वितरण गर्न पाईन्छ । जिल्लाको कुल भुभागको करिब ४५१७२ हेक्टर अर्थात ४१ प्रतिशत क्षेत्रफल वनले आगटेको यस जिल्लाको २५००० हेक्टर वन क्षेत्र सरकारद्धारा व्यवस्थित वनको रुपमा डिभिजन वन कार्यालयले व्यवस्थापन गर्दै आएको छ ।

**सामुदायिक वन**

प्रदेश वन ऐन, २०७८ को परिच्छेद ६ र प्रदेश वन नियमावली, २०७९ को परिच्छेद ६ मा सामुदायिक वनको व्यवस्था गरिएको छ । प्रदेश सरकारको रणनितिक योजनाको अधिनमा रहि स्वीकृत आवधिक वन व्यवस्थापन योजना अनुरुप निर्धारित राष्ट्रिय वनको कुनै भागमा वनको विकास, संरक्षण, सदुपयोग, व्यवस्थापन गर्न पाउने गरी सामुदायिक वको रुपमा सामुदायिक वन उपभोक्ता समुह मार्फत व्यवस्थापन गर्न सकिने व्यवस्था बमोजिम हाल सम्म कुल ४५६ वटा सामुदायिक वन उपभोक्ता मार्फत ६१३५१ घरधुरीबाट कुल वन क्षेत्रको १८४०६ हेक्टरभु-भाग सामुदायिक वनको रुपमा व्यवस्थापन हुँदै आएको छ ।

## २.३ वनयजन्तुहरुको विवरण

### २.३.१ स्तनधारी वनयजन्तुहरु (Mammals) चरा, घस्रने प्रजाती, माछा आदीः

यस जिल्लामा निम्न बमोजिमको वनयजन्तुहरु पाइने गरेको रेकर्ड गरीएको छ । तर पनि वनयजन्तु संरक्षणको लागि विशेष संरक्षण योजनाको अभाव रहेको छ ।

**क. स्तनधारी**

अन्तर्राष्ट्रिय व्यापारले गर्दा अस्तित्व नै सङ्कटमा परेको, प्रकृतिमा सङ्कटापन्न अवस्थामा रहेको, लोपोन्मुख र अति नै दुर्लभ भैसकेको अर्थात् CITES को अनुसूची-१ मा परेको काठेभालु (Melursus ursinus) यसजिल्लाको जंगलमा रेकर्ड भएको पाइन्छ । यसै अनुसूचीमा परेको चितुवा (Panthera pardus) पनि जिल्लाका सबैजसो जंगलमा पाइन्छ । CITES कै अनुसूची-२ अर्थात् दुर्लभ हुँदै गएको र समयमै तिनको व्यापार नियन्त्रण हुन नसके अस्तित्व नै खतराजनक अवस्थामा पुग्नसक्ने आसामी बाँदर अर्थात् पहरे बाँदर (Macaca assamensis) यस जिल्लाको प्रायः सबै क्षेत्रको वन जंगलमा पाइन्छ । साधारणतयाः यसले जंगली फलफूल र किरा फटयाङग्रा खाने हँदा यसको प्रमुख वासस्थान भनेको चौडापाते रूख भएको वनजंगल हो । त्यस्तै यहाँको पहाडी क्षेत्रको जंगलमा लंगुर (Semnopithecus entellus) पनि पाइन्छ । सोही अनुसूचीमा परेको चरीबाघ (Felis viverrina) फाट्टफुट्ट रूपमा भेटिने स्थानिय बासिन्दाहरूको भनाई छ । कुनै राष्ट्रद्वारा विशेषतः व्यापार नियन्त्रण गर्नका लागि प्रस्तावित वनयजन्तु एवं वनस्पतिहरूलाई CITES को अनुसूची—३ मा समावेश गरीएको फ्याउरो (Vulpes bengalensis) यहाँ फाट्टफुट्ट रूपमा देखापर्दछ । उपरोक्त वाहेक यहाँ स्याल, खरायो, वँदेल, रतुवा मृग, घोरल, राते, मलसाँप्रो, दुम्सी आदी पाइन्छन् ।

### ख. चराचुरुङ्गी

CITES को अनुसूची—१ मा परेको चीर कालिजको साथै अन्य पन्छिहरुमा वनकुखुरा, ढुकुर, चील, बाज, लुइँचे, तित्रा, जुरेली जस्ता चरा प्रजातिहरू यस जिल्लाको वनजंगलमा प्रशस्त भेटिन्छन् ।

यहां करिब ३५५ प्रजातिका चराहरु पाइने अनुमान गरीएको छ । तिनीहरुमा मुख्य गरी बकुल्ला, खेखौरा, चिल, कुक्लेरुवा, रानीचरा, बट्टाई, चखेवा, काठखोलिया, ढुकुर, धनेश, राजक, कर्कुलिया, फिस्टे, तिकुला, खरवक्ली, पल्टैया, खैरो ठुलो वकुलला, पिरौटा, काग, सुगा, गौथली, भुडिफोर, जूरेली, चिवे आदि प्रमूख छन् । जाडो र गर्मी मौसममा बेग्लाबेग्लै प्रकारका चराहरु अवलोकन गर्न सकिन्छ । यिनीहरु मध्ये बकुल्ला र स्थायी बसोवास गर्ने चरा हुन् भने केही चराहरु हिउँदमा साईबेरियाबाट यहां आउने गर्दछन् ।

### ग. घस्रने वर्ग

यस वर्गमा मगर गोही (Crocodylus palustris), दुर्लभ रातो खोल भएको कछुवा (Kachuga kachuga) सहित ३ जातका कछुवा, अजिङ्गर (Python molurus), गोहोरो (Varanus flavescens) साथै गोमन, धामन, अजिङ्गर, बैरिकरेट अनेक प्रकारका सर्प तथा छेपारो, माऊसुलि, भानेमहुरा आदि पाइन्छन् ।

### घ. माछा वर्ग

यस जिल्लामा मुख्य रूपमा कालीगण्डकी नदीमा सहर, बाम लगायतका माछाहरू पाइन्छ। यस बाहेक जिल्लामा अन्य कुनै ब्यवसायिक माछापालन तथा जिल्लाभित्र ठुला तालहरू नभएको कारणवाट प्रशस्त मात्रामा माछाहरु नपाईएतापनि जिल्लामा रहेका विभिन्न खोलानाल तालतलैयाहरुमा मंगुरी, वाम, ठेड, असला, वुधुना जस्ता प्रजातिका माछाहरु पाईन्छन ।

# भाग ३
# कार्यालयको परिचय




वि.सं. २०३४ साल वैशाख १ गते गुल्मी र अर्घाखाँचीको वन संरक्षण गर्ने उद्धेश्यले रिडि वन डिभिजनको स्थापना गुल्मीको सदरमुकाम तम्घासमा भएको थियो । उक्त डिभिजनबाट २०४० सालसम्म दुवै जिल्लाको वनको संरक्षण र विकास सम्वन्धी कार्यहरु भएका थिए । २०४० सालमा अर्घाखाँचीमा छुट्टै जिल्ला वन कार्यालय स्थापना भएपछि गुल्मीमा जिल्ला वन कार्यालय, त्यस अन्तर्गत ३ वटा ईलाका वन कार्यालय र प्रत्येक ईलाका अन्तरगत एउटा इकाईमा ५ देखि ७ वटा गाउँ पञ्चायत पर्ने र एक जना सहायक रेन्जर र दुई जना वनपाले रहने गरी ४—४ वटा ईकाई गरी १२ वटा इकाईको व्यवस्था गरिएको थियो ।

वि.सं. २०५० सालमा वन विभागको नयां संगठन लागु भए पश्चात यस जि.व.का. अन्तर्गत एक वटा इलाका वन कार्यालय र ८ वटा रेञ्जपोष्टको व्यवस्था गरी प्रत्येक रे.पो.मा रेञ्जर—१, वन कार्य सहायक—१ र वन रक्षक—४ गरी ६ जना कर्मचारीबाट वन संरक्षण र व्यवस्थापनको कार्य गर्ने गरी व्यवस्था भएकोमा विभिन्न समयको परिमार्जित संगठन संरचना हुदै हाल प्रदेश सरकार, लुम्बिनी प्रदेश अन्तर्गत रहि १ डिभिजन वन कार्यालय (जस्मा १ सिनियर/डिभिजनल वन अधिकृत, ३ वरिष्ठ/वन अधिकृत, २ रेन्जर, १ नायव सुब्बा, १ लेखापाल, १ खरिदार, २ फरेष्टर, २ कार्यालय सहयोगी, १ ड्राइभर र १ वन रक्षक गरी जम्मा १५ ) र मातहतका ६ वटा सब डिभिजन वन कार्यालयहरुमा प्रत्येक सव डिभिजनमा १ वरिष्ठ/वन अधिकृत सहित ४ वन रक्षक गरी जम्मा ३० जना र कुल ४५ जनाको दरवन्दी रहेको छ ।

हाल यही दरवन्दी अनुसारको जनशक्तिबाट जिल्लाको समग्र वनको संरक्षण र व्यवस्थापन कार्य भईरहेको छ। वन विकास गुरुयोजना २०४६ लागु भए पश्चात गुल्मी जिल्लामा आ.व. २०४९/५० देखि सामुदायिक वन हस्तान्तरण कार्य विधिवत रुपमा शुरु भएको देखिएता पनि यसले वन ऐन २०४९ र वन नियमावली २०५१ लागु भए पश्चात मात्र तीव्रता लिएको पाइन्छ । समयको गतिसंगै सामुदायिक वन व्यवस्थापनका उद्धेश्य तथा गतिविधिहरुमा परिवर्तन तथा सुधार हुदै आएको छ । डिभिजन वन कार्यालय अन्तर्गत विभिन्न समयमा विभिन्न प्रकारका कार्यक्रम तथा आयोजनाहरु सञ्चालनमा रहे पनि सामुदायिक वन विकास कार्यक्रम अन्तर्गत शुरु देखि हालसम्म कुनै न कुनै रुपमा निरन्तर रुपमा सञ्चालन भईरहेको छ । आ.व. २०८१/२०८२ मा प्रदेश सरकार तथा संघिय सरकारका गरी २ प्रकारका कार्यक्रम संचालनमा रहे । यिनै कार्यक्रमहरु र यस अन्तर्गत सम्पन्न भएका समग्र क्रियाकलापहरुको अवस्था झल्किने गरी यो प्रगति प्रतिवेदन तयार गरिएको छ ।

## ३.१ दरबन्दी र पदपुर्तिको अवस्था

डिभिजन वन कार्यालयको कुल दरबन्दी संख्या ४५ रहेको छ । लुम्बिनी प्रदेश सरकारको मिति २०८१/०५/०६ गतेको निर्णयबाट स्वीकृत दरबन्दी सम्बन्धी विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

| सि न | पद | सेवा/समुह | तह | कुल दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सिनियर/डिभिजनल वन अधिकृत | वन/ज.फ. | नवौ/दशौ | १ | ० | ० | |
| २ | वरिष्ठ/वन अधिकृत | वन/ज.फ. | सातौ/आठौ | ९ | ४ | ५ | |
| ३ | रेञ्जर/सहायक वन अधिकृत | वन/ज.फ. | पाचौ/छैटौ | २ | २ | २ | |
| ४ | वरिष्ठ प्रशासन सहायक/अधिकृत | प्रशासन/सा.प्र. | पाचौ/छैटौ | १ | १ | ० | |
| ५ | लेखापाल/अधिकृत | प्रशासन/लेखा | पाचौ/छैटौ | १ | १ | ० | |
| ६ | प्रशासन सहायक/ वरिष्ठ प्रशासन सहायक | प्रशासन/सा.प्र. | चौथो/पाचौ | १ | ० | १ | |
| ७ | फरेष्टर/वरिष्ठ फरेष्टर | वन/ज.फ. | चौथो/पाचौ | २ | ३ | | १ जना बढी |
| ८ | वन रक्षक | वन/ज.फ. | तेश्रो | २५ | २२ | ३ | |
| ९ | हलुका सवारी चालक | प्रशासन/सा.प्र. | विहिन | १ | ० | १ | करारमा |
| १० | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | विहिन | १ | १ | १ | १ करारमा |
| ११ | चौकीदार | प्रशासन/सा.प्र. | विहिन | १ | ० | १ | करारमा |

## ३.३.१ संगठन संरचना

यस कार्यालयमा डिभिजनल वन अधिकृतको मातहत रहने गरी योजना तथा वन व्यवस्थापन शाखा, कर्मचारी व्यवस्थापन शाखा, आर्थिक प्रशासन शाखा र ६ वटा सब डिभिजन वन कार्यालयहरु रहेका छन् ।सोही बमोजिम यस कार्यालयको संगठन संरचना तपशिल बमोजिम देखाईएको छ ।

लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

## डिभिजन वन कार्यालय, गुल्मीको संगठन संरचना

